# मिसन न्यूज

www.missionenews.com

MISSION News National Weekly राष्ट्रिय साप्ताहिक



कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्नु वा गराउनु हुदैन । यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाए हुनेछ ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग



वर्ष-३ | अंक-२० | २०७५ मंसिर १९ गते बुधबार | 5 december 2018 Wednesday | मूल्य रू. १०/-


## रारातालको पदमार्गमा सरसफाई अभियान

**मिसन न्यूज**

**कालिकोट –** कर्णाली प्रदेशको मुख्य पर्यटकिय गन्तव्य रारातालमा सरसफाइ अभियान संचालन गरिएको छ । जिल्लाको सदरमुकाम मान्ममा रहेको होटल हिल साइडका संचालक धमेन्द्र शाहीले रारा सरसफाई अभियानलाईको सरुवाती गरेका हुन् । सदरमुकाम मान्ममा पत्रकार सम्मेलको आयोजना गरी रारा पदमार्ग सरसफाइ गर्ने सार्वजनिक गरिएसँगै रारामा गएर सररफाइ कार्यक्रम सम्पन्न गरिएको हो ।

रारा तालमा होटेल हिलसाइड कालिकोट तथा आर्ट सम्मिट ट्राभल्स काठमाण्डौंको संयुक्त आयोजनामा सरसफाइ कार्यक्रम गरिएको हो । सरसफाइ कार्यक्रममा कर्णाली प्रदेशका पर्यटन मन्त्री नन्दसिङ बुढाको समेत सहभागीता रहेको थियो । रारा तालमा पर्यटकहरूको संख्या वृद्धि हुँदै गएको फोहोरमैला त्यही आधारमा बढ्दै गएका कारणले सरसफाइ कार्यक्रमको थालनी भएको हो । सफाइ अभियान अन्तरर्गत पदमार्गमा ३० वटा एक सय लिटरका डस्टबीन राखिएको छ । साथै रारा जानका लागि दिशा र दूरीबारे पनि सूचना बाटोमा राखिने अभियन्ता दमन शाहीले बताए । रारा राष्ट्रिय निकुञ्जको सुरुवातीसँग हिँडेर जाने करिव ४ किलोमिटर पैदल मार्गमा



रारातालको सरसफाइ कार्याक्रममा सम्वोदन गर्दै शाही ।

प्लाष्टिकजन्य सामान तथा कुहिने-नकुहिने सामान उठाएर व्यवस्थापन गरिएको छ । 'हाम्रो नेपाल नेपालीलाई चिनाऔं' भन्ने नाराका साथ मंसिर १६ र १७ गते सरसफाइ अभियान गरिएको हिल साइडका संचालक धमेन्द्र शाहीले बताए । कर्णाली प्रदेशको मुगु जिल्लामा अवस्थित नेपालको ठुलो र प्रसिद्ध तालमा गर्न लागिएको सरसफाइ अभियान विशेष गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धन गर्ने उद्देश्य रहेको सम्मिट आर्ट ट्राभल्स प्रालिका प्रवन्ध निर्देशक सोमबहादुर तामाङले बताए । उनले भने, 'हामीले पर्यटन पर्वद्धन गर्नका लागि यो कार्यक्रम आयोजना गरेका हौं ।' उनले भने, 'रारालाई चिनाउन र पर्यटक आकर्षित गर्न आवश्यक रहेको छ ।' सन् २०२० मा २० लाख पर्यटक स्वदेशमा ल्याउन सरकारले नेपाल भ्रमण वर्ष घोषणा गरेको अवस्थामा पर्यटकस्थल सफा

**बाँकी ८ पृष्ठमा.....**

## लुसामा गाडी पुग्दा स्थानीय हर्सित

**मिसन न्यूज**

**कालिकोट-** सान्नी त्रिवेणी गाउँपालिकाको सेरिज्युला र लुसामा गाडी पुगेको छ । पुस्तौंदेखि बर्दियाको राजापुर गएर पिठ्युँमा भारी बोक्दै आएका लुसा सेरिज्युलाका स्थानीयले गाउँमै गाडी पुगेपछि भव्य स्वागतसँगै खुसियाली



मनाएका छन् । कर्णाली कोरिडोरको रेगिलदेखि लुसासम्मको ८ किलोमिटर सडक निर्माणपछि बिहीबार प्रतिनिधि सभाका सदस्य दुर्गबहादुर रावतले सडकको उद्घाटन गरे । पहिलोपटक गाडी गुडेपछि स्थानीयले गाडी तथा अतिथिलाई फूलमाला र अबिर लगाएर स्वागत पनि गरेका छन् । गाउँमै पहिलो पटक गाडी पुगेपछि ८४ वर्षीय गोरे जैसी गाडी चढ्ने सपना पूरा भएकामा खुसी छन् । सडक उद्घाटन गर्दै कालिकोट जिल्लाका प्रतिनिधिसभा सदस्य रावतले कालिकोटका सबै स्थानीय तहमा सडकलाई पहिलो प्राथमिकतामा राखेको बताए । शान्नी त्रिवेणी गाउँपालिका अध्यक्ष डम्बरबहादुर शाहीले सडकलाई पहिलो प्राथमिकता दिएको बताउँदै अबको तीन वर्षसम्ममा गाउँपालिकाका सबै वडामा गाडी गुडाउने प्रतिबद्धता जनाए । उनले २ करोड ५० लाख बजेटमा रेगिल सेरिज्युला हुँदै लुसासम्मको सडकको ट्र्याक खोलिएको बताउँदै सडक निर्माणका लागि नागरिकको सक्रियताले समयमै लुसामा गाडी पुगेको बताए । लुसा र सेरिज्युलामा गाडी पुगेपछि स्थानीय निकै खुसी बनेका थिए । बाजागाजा सहित अतिथीलाई सम्मान गर्नेको भिड लागेको थयो । सान्नी त्रिवेणीका अन्य गाउँमा पनि धमाधम सडक निर्माण भइरहेको छ ।

## प्रकाण्डलाई गृह जिल्लामा भव्य अभिनन्दन

**मिसन न्यूज**

**कालिकोट -** नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' लाई कालिकोटमा ४९ किलोको फूलको मालाले अभिनन्दन गरिएको छ । नेकपा कालिकोटले आयोजना गरेको जनसभामा सहभागी हुन गृहजिल्ला पुगेका प्रवक्ता प्रकाण्डलाई सहिद परिवारले ४९ दिन हिराशत बसेको सम्झनामा ४९ किलोको माला लगाएर अभिन्दन गरेका हुन् । कार्यक्रममा सहिद परिवारले अबिर लगाउँदै गर्दा प्रकाण्डकी बहिनी जैपुरा बिक भक्कानिएकी थिइन् । धैरै समयपछि दाजुलाई भेटाउँदा छातिमा टाउको राखेर



उनी मञ्चमै भक्कानिएकी हुन् । बहिनी जैपुरा सानो छोरासिहत मञ्चमा पुगेकी थिइन् । बहिनी रुनथालेपछि दाजु प्रकाण्डसँगै अन्य नेता तथा कार्यकर्ता भावुक बनेका थिए । नेकपाको सांस्कृतिक टिम सामना परिवारका प्रस्तुतिसहितको आमसभामा बोल्ने अधिकांश वक्ताले वैज्ञानिक समाजवाद ल्याएरै छाड्ने उद्घोष गरेका छन् ।

**बाँकी ८ पृष्ठमा.....**

# न्यायिक उत्तरदायित्व किन ?

**अनन्तराज लुइँटेल**

हालै न्यायपरिषद्ले नयाँ प्रधान न्यायाधीश नियुक्तिका लागि सर्वोच्च अदालतमा तीन वर्ष सेवा गरिसकेका न्यायाधीशद्वय दीपकराज जोशी र चोलेन्द्रशम्शेर जबराको नाम संवैधानिक परिषद्मा पठाएसँगै फेरि प्रधान न्यायाधीश नियुक्तिको विषयमा चर्चा चुलिएको छ। चार महिनाअघि प्रधान न्यायाधीशमा अस्वीकृत भई वरिष्ठतम न्यायाधीशको हैसियतमा सर्वोच्च अदालतमा सेवारत जोशी र न्यायाधीश राणामध्ये को प्रधान न्यायाधीश बन्लान् भन्ने विषयमा धेरै कोणबाट चर्चा भइरहेको छ।

प्रधान न्यायाधीश ओमप्रकाश मिश्रको आगामी पुस १७ मा हुने अनिवार्य अवकाशसँगै उनका उत्तराधिकारीको चयनका लागि अब संवैधानिक परिषद् र संसदीय सुनुवाइ समिति सक्रिय हुने छन्। दुईमध्ये को प्रधान न्यायाधीश बन्दा समग्र न्यायालय, जनताको अधिकार र कानुनी शासनले दह्रोसँग काम गर्ला भन्ने सन्दर्भमा चर्चा हुनु अस्वाभाविक होइन। राज्यका महत्वपूर्ण पदमा हुने नियुक्तिपूर्व संसदीय सुनुवाइ गरिने विधिशास्त्रलाई मनन गर्ने हो भने प्रधान न्यायाधीश वा न्यायाधीशको पद सार्वजनिक परीक्षणको पद बन्न गएका छन्। तर संसदीय सुनुवाइको परिपाटी लागू भएको एक दशक बितिसक्दासमेत अदालतका काम कारबाही विवादरहित बन्न नसक्दा, अनियमितता र भ्रष्टाचार अन्त्य हुन नसक्दा न्यायिक काम आगामी दिनमा कसरी परिष्कृत बन्लान् र जनताप्रति उत्तरदायी होलान् भन्ने विषयमा गम्भीरतापूर्वक सोच्न आवश्यक भइसकेको छ। **युक्रेनबाट सिक्ने कि ?-**गत वर्षको सेप्टेम्बरमा युक्रेनको सर्वोच्च अदालतमा अचम्मको घटना भयो। युक्रेनका सामाजिक कार्यकर्ताहरूले विरूपको अनुहार सहितका न्यायाधीशहरू को मस्कट बनाएर सर्वोच्च अदालत घेर्दै उनीहरूको विरोध गरे।

'पब्लिक इन्टिग्रिटी काउन्सिल'बाट नकारात्मक सूचीमा रहेको मानिएका केही न्यायाधीशहरूलाई सर्वोच्च अदालतमा नियुक्ति गरिनु उचित हुँदैन भन्दै गरिएको विरोध कार्यक्रममा न्यायाधीशहरू विरुद्ध जोडदार व्यंग्य गरिएको थियो। 'किनकि म इमानदारीपूर्वक घुस लिन तयार छु,' 'किनभने सर्वोच्च अदालत सबैभन्दा माथिल्लो न्यायिक निकाय हो,' र 'आवश्यक आदेश जारी गर्दा धेरै पैसा लिन्छु,' 'त्यसकारण म सर्वोच्च अदालतको न्यायाधीशका लागि योग्य छु' जस्ता व्यंग्यात्मक नारासहितका प्लाकार्ड लिएर सर्वोच्च अदालतको वरिपरि ठूलो संख्यामा विरोध गरियो। न्यायाधीशको विरूपको अनुहार बनाइएका प्लाकार्ड सहित सामाजिक कार्यकर्ताहरू नाराबाजीमा उत्रिए भने राजनीतिक हस्तक्षेप तथा दबाबका कारण भ्रष्ट बाटोमा गइरहेका तथा आफ्नो आम्दानीको स्रोत खुलाउनु नपर्ने न्यायाधीशलाई दिइएको उन्मुक्तिले न्यायालयमा भ्रष्टाचार बढेको उनीहरूले चिन्ता संसारभरकै सञ्चार माध्यममा चर्चाको विषय बनेको थियो। युक्रेनमा सर्वोच्च अदालतमाथि यस्तो आरोप लागिरहेको बेला अन्यत्रका मुलुकमा चाहिँ न्यायालय सुधारका अभियान चलिरहेका प्रशस्त उदाहरणहरू भेट्न सकिन्छ। न्यायालय पनि जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने अभियान चलिरहेको वर्तमान विश्वमा न्यायालयमा भइरहेको भ्रष्टाचार तथा अनियमितताविरुद्धको लडाइँको एउटा नमुना अभ्यास युक्रेनलाई मान्न सकिन्छ। **उत्तरदायित्वको भारतीय अभ्यास-** छिमेकी भारतमा न्यायालयसमेत जनताप्रति उत्तरदायी हुनुपर्छ भन्ने सन्दर्भमा पछिल्लो कालमा धेरै प्रगति भएको छ। सोही कारण नै विभिन्न कानुनी तर्जुमा समेत भइरहेका छन् भने न्यायाधीश नियुक्तिका विषयमा धेरै आरोह अवरोह पार गरिसकेको छ। पछिल्ला दिनमा भारतमा न्यायिक उत्तरदायित्वका विषयमा समेत गम्भीर चर्चा भइरहेको छ भने न्यायिक उत्तरदायित्वसम्बन्धी कानुनसमेत बनिसकेको छ।

पूर्वप्रधान न्यायाधीश पीएन भगवतीले न्यायिक उत्तरदायित्वका सन्दर्भमा एउटा प्रसंगमा उल्लेख गरेका छन्। 'किन न्यायाधीशहरू को नियुक्तिको विषय कार्यपालिकाको जिम्मामा छाडियो भन्ने विषयका सन्दर्भमा कार्यपालिका विधायिकाप्रति उत्तरदायी हुन्छ र विधायिकाको माध्यमबाट यो जनताप्रति जो न्यायका उपभोक्ता हुन उनीहरूप्रति जवाफदेही हुन्छ। न्यायाधीशको नियुक्ति भारतीय प्रधान न्यायाधीशलाई यसकारण दिइएको होइन किनभने कुनै गलत नियुक्ति नै भयो भने पनि उनीहरू जनताप्रति उत्तरदायी छैनन्। उनीहरू कुनै त्यस्तो नियुक्तिका लागि जवाफदेही छैनन्।' सन् २०१४ मा भारतमा बनेको न्यायिक उत्तरदायित्व ऐन (जुडिसियल एकाउन्टिबिलिटी ऐन) तथा न्यायिक नियुक्ति आयोग ऐन बनेपछि न्यायालयलाई जनताप्रति उत्तरदायी बनाउने कोसिस गरिएको छ। ती ऐनले उच्च र सर्वोच्च अदालतका न्यायाधीश का लागि कार्यान्वयनयोग्य न्यायिक आचारसंहिताको व्यवस्था र कार्यान्वयन, उच्च र सर्वोच्च अदालतका न्यायाधीशले खराब आचरण वा अक्षमताको विषयमा कुनै अभियोगमा छानबिन गर्न संरचनामा परिवर्तन गर्ने, न्यायाधीशहरूलाई पदबाट हटाउने विषयका सम्बन्धमा भइरहेको व्यवस्थामा परिवर्तन गर्नुपर्ने, न्यायाधीशहरूमा अनुशासनात्मक कारबाही गरिने तथा न्यायाधीशहरूले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गनुपर्ने लगायतका व्यवस्था गरिएको छ। न्यायाधीशहरूले आचरण विपरीत का काम समेत गर्न थालेपछि उक्त ऐनले सोही अदालतमा अभ्यासरत कुनै बारको सदस्यसँग नजिकको सम्बन्ध राख्न नपाइने, न्यायाधीशको घरमै बसी कुनै परिवारको सदस्यलाई कानुनको अभ्यास गर्न नपाइने, परिवारको सदस्य तथा नजिकको नातेदार वा साथी संलग्न भएको मुद्दामा सुनुवाइ गर्न तथा सार्वजनिक रूपमा राजनीतिक विवाद निहित विषयमा भाग लिन एव व्यापार वा व्यवसायमा संलग्न हुनबाट प्रतिबन्ध लगाइएको छ। न्यायाधीशले आचार संहिता विपरीत काम गरेको पाइएमा नेसनल जुडिसियल ओभरसाइट कमिटी, कम्प्लेन्टस स्क्रुट्नी प्यानेल तथा संविधान बमोजिमको अनुसन्धान समितिले अनुसन्धान गर्न पाउने व्यवस्था गरिएको छ। **हाम्रो न्यायाधीश आचार कस्तो छ ?-**भारतमा बनेको न्यायिक उत्तरदायित्वसँग सम्बन्धित ऐन बन्नुभन्दा छ वर्षअघि नै हामीहरूकहाँ न्यायाधीशहरूको आचारसंहिता बनिसकेको छ।

दश वर्षअघि जारी भएको न्यायाधीश आचारसंहिता २०६५ मा स्वतन्त्र, निष्पक्ष र सक्षम न्याय प्रणालीको माध्यमबाट कानुनको शासन, मानव अधिकार तथा संवैधानिक मूल्य मान्यताहरूको संरक्षण र संवर्द्धन गर्ने उद्देश्य राखिएको छ। प्रभावकारी र उत्तरदायी न्याय व्यवस्थामार्फत छिटो छरितो, स्वच्छ, निष्पक्ष र पारदर्शी रूपमा न्याय सम्पादन हुने कुराको व्यावहारिक प्रत्याभूति दिई स्वच्छ सुनुवाइ सुनिश्चित हुने न्यायिक प्रक्रियाद्वारा नागरिक हकको संरक्षण गर्न उद्यत हुने लगायतका उद्देश्य समेत सो आचारसंहितामा राखिएको छ। न्याय पद्धतिप्रति जनआस्था र विश्वास अभिवृद्धि गर्न निरन्तर प्रयास गर्दै तथा न्यायपालिकाको प्रतिष्ठालाई उच्च राख्ने सन्दर्भमा व्यक्तिगत तथा सामूहिक रूपमा समेत न्यायाधीशहरूद्वारा न्यायिक पदलाई सार्वजनिक उत्तरदायित्वको पदको रूपमा सम्मान गर्ने परिपाटी विकास गर्दै न्यायाधीशको व्यक्तित्व एवं वैधानिक हितको समेत संरक्षण गर्न उद्यत रहने उद्देश्य राखिएको भए तापनि अदालतमा झनै अनियमितता बढेको विभिन्न अध्ययन, अनुसन्धान र प्रतिवेदनहरूमा पाइन्छ। संसदीय सुनुवाइ समितिमा प्रधान न्यायाधीशहरूले अनियमितता र भ्रष्टाचार अन्त्य गर्न दिने अभिव्यक्तिबाट पनि न्यायालयमा भ्रष्टाचार भएको पुष्टि हुन्छ। न्यायाधीशहरूको राष्ट्रिय सम्मेलन, २०६५ द्वारा पारित गरी जारी गरिएको सो आचारसंहिताको दफा ३(३) बमोजिम न्यायाधीश कार्यपालिका वा व्यवस्थापिका

बाँकी ४ पृष्ठमा..

## साताको भाग्यफल

**मेष** : सुरुमा केही विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने देखिन्छ। तापनि, कामले विभिन्न अवसर दिलाउनेछ। सोमवारदेखि विशेष धन लाभ हुने समय छ।

**वृष** : प्रारम्भमा स्वास्थ्य चिन्ताले सताउन सक्छ। जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुर्याउँदा केही चुनौती आउन सक्छन्।

**मिथुन** : प्रारम्भमा केही चुनौतीसँग संघर्ष गर्नुपर्ने हुन सक्छ। अप्ठ्यारा परि स्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ।

**कर्कट** : प्रारम्भमा प्रियजनसँग भेटघाट हुनेछ भने रमाइलो यात्रा गर्ने अवसर जुट्न सक्छ। केही खर्च लागे पनि चिताएको काम बन्नेछ।

**सिंह** : प्रारम्भमा प्रतिस्पर्धीहरूले दुख्ख दिए पनि व्यवहारमा राम्रै अवसर हात पार्न सफल भइनेछ। पुरुषार्थी काम बन्नाले जोश-जाँगर बढ्नेछ।

**कन्या** : प्रारम्भमा अध्ययन र स्वास्थ्यको चिन्ताले सताउन सक्छ। सुरुमा केही काम रोकिए पनि सोमवारदेखि स्थितिमा सुधार आउनेछ।

**तुला** : सुरुमा घरेलु समस्या देखापर्न सक्छन्। अरूको बहकाउमा परिनाले काम रोकिन सक्छ। भौतिक साधनको कमीले पनि केही अप्ठ्यारो पर्ला।

**वृश्चिक**: जिम्मेवारी प्राप्त भए पनि आफ्नो श्रमबाट अरूले फाइदा उठाउने कोसिस गर्नेछन्। उपलब्धिका लागि समय प्रतीक्षा गर्नुहोला।

**धनु** : बोलीको प्रभावले विशेष अवसर प्राप्त गर्न सकिनेछ। सम्पादित कामबाट धन लाभ हुनेछ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने मौका छ।

**मकर** : प्रारम्भमा इच्छाशक्ति बढ्नाले महत्त्वाकांक्षी काम सुरु हुनेछ। आँटले काम लिँदा लक्ष्य प्राप्त गर्न सकिनेछ।

**कुम्भ** :प्रारम्भमा खर्च बढ्नाले अर्थ अभाव देखा पर्न सक्छ। रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुपर्ला। टाढाको यात्रा गर्ने अवसर प्राप्त हुनेछ।

**मीन** : सुरुमा आयआर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ। व्यापार-व्यवसायमा पनि लाभ हुनेछ।

# ‘भ्रष्टाचारी र बलात्कारी प्रमुख निशानामा’ -प्रकाण्ड

**मिसन न्युज**

**कालिकोट -** नेपाल कम्युनिस्ट पार्टी नेत्रविक्रम चन्द ‘विप्लव’ नेतृत्वका प्रवक्ता खड्कबहादुर विश्वकर्मा ‘प्रकाण्ड’ ले बलात्कारी र भ्रष्टाचारीलाई कुनै पनि हालतमा नछोड्ने बताएका छन् । गृह जिल्ला कालिकोट पुगेका नेता विकले देशमा भष्ट्राचारले सिमा नागेकाले अब पार्टीले कार्वाहीको निशाना तयार गरेको सुनाए ।

सदरमुकाम मान्ममा पत्रकारसँग कुरा गर्दै उनले भने, ‘अब त अति भो, गाउँमा आएको सिँह दरबारको नालीवेली बाहिर ल्याउछौं ।’ पार्टीका स्थायी कमिटि सदस्य समेत रहेका प्रकाण्डले कन्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको बलात्कारी र हत्यारालाई केही दिनमै आफूहरुले बाहिर ल्याएर कारबाही गर्ने समेत बताए । निर्मलाको घटनामा संलग्न अपराधीलाई सरकारले चार महिनासम्म संरक्षण गरेको उनले आरोप लगाए । उनले निर्मलाका बलात्कारी र हत्यारालाई सरकारले अब पनि कारबाही गर्न नसक्ने बताउँदै केही समय अगाडि चर्चामा आएको सुन काण्डजस्तै निर्मलाको घटना पनि त्यसै गरी मिलाउने प्रयास भइरहेको आरोप लगाए । निर्मलाको परिवारलाई न्याय दिनका लागि आफूहरुले पहल सुरु गरिसकेको उनको दाबी छ । निर्मला हत्या प्रकरण सम्पूर्ण नेपाली चेलीको अस्तित्वसँग जोडिएको बताउँदै उनले राज्यले संरक्षण गरेका चेलीको अस्मिता लुट्ने अपराधीलाई तह लगाउने दाबी गरे ।

**शक्ति प्रर्दशनको तयारी**

नेकपाको बुधबार जिल्ला सदरमुकाम मान्ममा आमसभालाई सम्वोधन गर्न प्रकाण्ड गृह जिल्ला पुगेका हुन् । जिल्लाका ९ वटै स्थानीय तहबाट सयौं नेता कार्यकर्ताको सदरमुकाममा भिड लागेको छ । ५ हजारभन्दा धेरै कार्यकता,नेता र जनताको सहभागीता रहने नेकपाले जनाएको छ । आमसभाका लागि सामाना कलाकारको समेत सहभागीता रहेको छ । जिल्लाको सुरक्षा व्यवस्था प्रहरीले कडा बनाएको छ । जिल्ला प्रहरी कार्यालय र शसस्त्र प्रहरीको गुल्म कालिकोटले छुट्टा-छुट्टै हतियारसहितका गस्ती परिचालन गरेको छ । स्थानीय प्रशासनले विप्लवको आमसभालाई लक्षित गरी जिल्लाको सुरक्षा व्यवस्था कडा पारेको छ ।



स्थानीय नेता तथा कार्यकर्तालाई सम्बोधन गर्दै प्रकाण्ड ।


## मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔं ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔं ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउँ र नखुवाऔं ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔं ।

खाँडाचक्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

जिल्लालाई पुर्ण सरसफाइ जिल्ला घोषणा गर्नु पर्ने अभियान थालिएकोले जिल्लाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

खानेपानी सरसफाइ तथा सव–डिभिजन
कार्यालय कालीकोट

## प्रकोप र महामारी सम्बन्धमा

नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

नगरपालिकालाई पुर्ण सरसफाइ घोषणा गर्नु पर्ने अभियान थालिएकोले नगरपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

तिलागुफा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कालिकोट

## न्यायिक उत्तरदायित्व........................

का सदस्यहरूसँगको अनुपयुक्त सम्पर्क वा प्रभावबाट मुक्त रहने मात्र होइन एउटा विवेकशील पर्यवेक्षकको दृष्टिमा पनि त्यस्तो सम्पर्क वा प्रभावबाट मुक्त रहेको देखिनुपर्छ भनिएको छ। **यी हुन् खास समस्या-** वर्तमान न्यायालयको अवस्था कस्तो छ भन्ने विषय लगभग खुला किताब सरह छ । सर्वोच्च अदालतकै अध्ययन प्रतिवेदन, परिघटना र प्रधान न्यायाधीशहरूले बेलाबेलामा संसदीय सुनुवाइ समितिमा दिएका जवाफ, सार्वजनिक अभिव्यक्तिबाट अदालतमा भ्रष्टाचार छ, अनियमितता छ र ढिलासुस्ती छ। त्यो भन्दा पनि संवेदनशील विषय न्यायाधीशकै नियुक्ति बनेको छ। अरु नै कुनै प्रशासनिक पद वा संस्थानको नेतृत्वमा भैंm नेताले छानेका, नेताले दबाब दिएका वा नेताको वरिपरि घुम्ने वा पहुँचमा रहेका व्यक्तिको नियुक्ति भइरहेको छ भने तलबाट माथि लैजाँदा समेत क्षमता, इमानदारीले काम गरिरहेको छैन। **र, अन्त्यमा-** संसारभरि न्यायालय र न्यायाधीशलाई दिइएको उन्मुक्तिको विषयमा पछिल्लो कालमा धेरै चर्चा परिचर्चा भइरहेको छ । अदालत तथा न्यायालयमाथि आशंका गर्नुहुँदैन भन्ने पुरानो मान्यताका विरुद्ध आरोप-प्रत्यारोप तथा सार्वजनिक रूपमै प्रदर्शन समेत हुन थालेका छन् । सार्वजनिक रूपमै चर्चा परिचर्चा हुनुको अर्थ ज्यादती नहुँदो हो त यस्ता कुरा बाहिर आउने थिएनन । न्यायालय र न्यायाधीशका काम पनि बेपरवाह अनुत्तरदायी बन्न सक्दैनन्।

### क्षयरोग (टि.बी.) का लक्षणहरु

**१. दुई हप्ताभन्दा बढी समयसम्म लगातार खोकी लाग्नु।, २. साझँ पख सधैं ज्वरो आउनु।, ३. खाना खान मन नलाग्नु।,४. तौल(वजन) घट्नु। ५.खकारमा रगत देखा पर्नु। यस्ता लक्षण देखा परेमा तुरुन्त स्वास्थ्य संस्थामा गई स्वास्थ्य तथा खकार जाँच गराऔं।**

**पचाल झरना गाउँपालिका**
**कालीकोट**

### वन डढेलो नियन्त्रण सम्बन्धी सूचना

#### वन डढेलो रोकथाम गर्ने उपायहरु:-

१) वन डढेलोबाट क्षणिक फाईदा मात्र नहेरी डढेलोबाट हुने असरको बारेमा गाउँ, टोलमा चेतना जगाएर।

२) भौगोलिक अवस्था हेरी सम्भव भएसम्म वन प्राविधिकको सहयोगमा अग्नी रेखा निर्माण गरेर।

३) वनमा ज्वलनशील पातपतिङ्गरलाई समयमै जम्मा गरी कम्पोष्ट मल वा सोत्तरको रुपमा प्रयोग गरी वन क्षेत्रमा ज्वलनशील वस्तुको संचितीमा कमी ल्याउने।

४) सामुदायिक वन समूहहरुले वन कार्ययोजना अनुसार वन क्षेत्रको संरक्षण गर्नु महत्वपूर्ण दायित्व हो। संरक्षण कार्य अन्तर्गत वन डढेलो रोकथाम तथा नियन्त्रण कार्य पनि पर्दछ। वन डढेलो लाग्न नदिनतर्फ सचेत रहने, रोकथाम तथा नियन्त्रण गर्न उपभोक्ताहरुमा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

#### वन डढेलो नियन्त्रण गर्ने उपायहरु:-

१) सानोतिनो डढेलो लागिहालेमा पानी, हरियो स्याउला, माटो बालुवा आदिले हानेर निभाउन सकिन्छ।

२) नियन्त्रण गर्न नसकिने डढेलोलाई प्रति अग्नी विधी (Conter Fire Method) अपनाएर जस्तैः आगो आईरहेको दिशातिर पहिले नै आगो लगाई ज्वलनशील वस्तु समाप्त गरी डढेलो नियन्त्रण गर्न सकिन्छ।

३) अग्नी नियन्त्रणमा उपयोगी औजारहरु (Fire Fighting Tools) जस्तैः दांते (Fire Rake),चेप्टे ( Fire Swatter), खुकुरी, सावेल, बन्चरो, बाल्टिन आदि प्रयोग गरेर।

**डिभिजन वन कार्यालय**
**कालिकोट**

# स्वास्थ्य

## कपालमा चाया पर्ने समस्याबाट मुक्त हुने घरेलु उपाय



जाडो वा गर्मी मौसममा कपालमा चाया पर्ने समस्याले धेरैलाई सताइरहेको हुन्छ। अझ गर्मी मौसममा भन्दा जाडो मौसममा कपालमा चाया पर्ने समस्याले धेरैलाई सताइरहेको हुन्छ । चिसोका कारण धेरै समय कपाल छोप्न वा चिसोबाट बच्न धेरै समयसम्म टोपी लगाउने गर्नाले गर्मी मौसममा भन्दा जाडोमा कपालमा धेरै चाया पर्ने प्रमुख कारण हो। चायाले गर्दा कपाल झर्ने, सुख्खा हुँदै जाने हुन्छ, जसले गर्दा कपालको सुन्दरतालाई असर गरिरहेको हुन्छ। त्यसैले हाम्रो घरभित्रै पाइने केही घरेलु सामग्रीको दिनहुँ प्रयोग गर्न सके कपालमा चाया पर्ने समस्याबाट छुटकारा पाउन सकिन्छ।

**कपालमा चाया हटाउने घरेलु उपाय**

-नियमित रूपमा एक सातासम्म एक कप दहीमा एक कप बेसन मिलाएर कपालमा राम्ररी लगाएर दुई घन्टापछि धुने गर्नाले कपालको चाया विस्तारै हट्दै जान्छ।

-नियमित रूपमा नरिवलको तेल कपालमा लगाउने गर्नाले पनि कपालमा चाया पर्ने समस्याबाट छुटकारा पाउन सकिन्छ।

-अमला र रिट्ठा मिसाएर नियमित रूपमा कपालमा लगाउने र यसको दुई घन्टापछि सफा पानीले कपाल धुने गरेमा पनि कपालमा चाया पर्नबाट बच्न सकिन्छ।

-नुहाउनुभन्दा एक घन्टा अगाडि नियमित रूपमा कागतीको रस लगाएर नुहाउने गर्नाले पनि कपालमा चाया पर्ने समस्याबाट जोगिन सकिन्छ।

-सातामा एक पटक अण्डा कपालमा राम्रोसँग लगाएर नुहाउने गर्नाले पनि कपालमा चाया पर्नबाट बच्न सकिन्छ।

-धूलो, धूवाँ र अत्यधिक घाममा हिँड्दा टाउको छोपेर हिँड्ने गर्नाले टाउकोमा चाया पर्ने समस्याबाट जोगिन सकिन्छ। यसरी घामबाट जोगिएर हिँड्दा टाउकोमा फोहोर जम्मा हुन पाउँदैन र चाया पर्ने संभावना कम हुन्छ।

### प्रकोप र महामारी सम्बन्धमा

**नवजात शिशुलाई छुनु अघि बच्चालाई खाना खुवाउनु अघि खाना पकाउनु अघि खाना खानु अघि चर्पीको प्रयोग गरेपछि साबुन पानीले हात धुने बानी बसालौं।**

**महावै गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**कालिकोट**

# मदिरा निषेधित क्षेत्रको विरोधमा उद्योगी र व्यापारी

रमेश रावल

**कालिकोट-**कालिकोटको जिल्लाको दोस्रो जिल्लासभाले मदिरा निषेधित क्षेत्र घोषणा गर्ने गरेको निर्णयलाई यहाँका उद्योगी तथा व्रुयापारीहरुले विरोध गरेका छन्। उद्योग बाणिज्य संघ कालिकोटले आयोजना गरेको अर्न्तक्रिया कार्यक्रममा उद्योगी तथा व्रुयापारीहरुले विरोध गरेका हुन्। मदिरा निषेधित गर्न नेपालको कुनै कानुनले नदिएको र मदिरा बिक्रि वितरणमा स्थानीय सरकारले गैर कानुनी काम गरेको उद्यागी तथा व्रुयापारीहरुले आरोप लगाए।

**बाँच्नै नदिने कानुन ल्याइयो**

कतै पनि नभएको कानुन कालिकोट जिल्ला सभाले मदिरा निषेधित जिल्ला घोषणा गर्न लागेको र त्यो कुनै हालतमा मान्य नहुने उद्योग बाणिज्य संघ कालिकोटका अध्यक्ष सुर्यबहादुर शाहीले बताए। 'मदिरा निषेधित गर्ने कुरा कुनै कानुनले पनि भनेको छैन्।' उनले भने,'मदिरा निषेधित क्षेत्र घोषणा गरेर व्यापारीहरुलाई व्रुयापार नगर भनेको हो।' व्यापार व्यवसाय बन्द गराउने जिल्ला सभाले ल्याएको कानुनले व्यापारीको बाच्न पाउने अधिकार हनन भएको अध्यक्ष शाहीले दाबी गरे। 'यो भनेको व्रुयापार गर्न पाउँदैनौ भनेको हो।' उनले भने,'यसले व्रुयापारी बाच्न पाउने अधिकार हनन भयो।' मदिरा बेच्न नपाउने भए कर किन लिएको मदिरा व्रुयापारी मदिरा व्रुयवसायीहरुले मदिरा बिक्री वितरण गर्न पाउनु पर्ने बताएका छन्। मदिरा बिक्री वितरण गर्न नपाउने भए किन मदिरामा कर लगाएको उद्योग खोल्न दिएको भन्दै कालिकोट जिल्ला पेय पदार्थ व्यवसायी संघका अध्यक्ष जीवनबहादुर शाहीले प्रश्न गरे। 'हामीले मदिरा बिक्रि वितरण गर्न नपाउने हो किन ?-राज्यले कर लगाएको हो।' उनले भने,'त्यो हो भने नेपालका मदिरा उद्योग बन्द गरिनु पर्छ।'



**जिल्ला सभाले गैर जिम्मेवार काम गऱ्यो - कानुन व्रुयवसायी**

जिल्लासभाले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गएर जिल्लालाई मदिरा निषेधित क्षेत्र घोषणा गर्न लागेको जिल्लाका कानुन व्यवसायीहरुले बताएका छन्। जिल्ला सभालाई नेपाल सरकारले केही सिमित अधिकार मात्र दिएको छ। जिल्लासभाले कुनै ऐन कानुन निति निर्माण गर्ने अधिकार कानुनले नदिएको तर, जिल्ला सभाले गरेको मदिरा निषेधित जिल्ला घोषणा गर्ने अधिकार पनि नभएको अधिबक्ता हिक्मतबहादुर बिष्टले बताए। 'जिल्लासभालाई कुनै पनि नीति नियम र ऐन बनाउने अधिकार कुनै पनि कानुनले दिएको छैन्।' उनले भने,'मदिरा निषेधित क्षेत्र घोषणा गर्ने अधिकार जिल्लासभाको गैर न्यायिक काम हो।'

**अपराध बढे निषेधित क्षेत्र घोषणा हुन्छ- स्थानीय सरकार**

मदिराका कारणले जिल्ला अपराधका घटनामा बृद्धि भएको र त्यसको नियन्त्रणका लागि जिल्लासभामा ९ वटै स्थानीय तहका जनप्रतिनीधिहरुले यसलाई नियन्त्रण गर्न मदिरा निषेधित जिल्ला घोषणा गर्ने निर्णय गरेको जिल्ला संमन्वय समितिका प्रमुख अनिपाल शाहीले बताए। 'जिल्ला सभामा सबै स्थानीय तहका जनप्रतनीधिहरुले मदिरा नियन्त्रण गर्न आवश्यक रहेको यसलाई नियन्त्रण गर्न लागिएको हो।' उनले भने,'सबै स्थानीय तहमा त्यसको प्रक्रिया पुरा भइसकेको छ।' जिल्लामा मदिराका कारणले महिला हिंसा झैझगडा अपराध बढेका कारणले मदिरा निषेधित क्षेत्र घोषणा गर्न लागिएको रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालले बताए। 'मदिराका कारणले जिल्लामा अपराधका घटनामा बृद्धि भएको छन्।' उनले भने,'मदिराका कारणले हुने महिला हिंसा, झै झगडा लगाएकात अपराध नियन्त्रण गर्नका लागि मदिरा निषेधित जिल्ला घोषणा गर्न लागिएको हो।'


**मासु व्यवसायी तथा उपभोक्ताहरुमा अनुरोध**

- मासुको लागि बध गरिने पशुपन्क्षीहरुको बध गर्नुपुर्व र बध गरी सकेपछि स्वास्थ्य परिक्षण गरौँ।
- बिरामी परेको,मरेको,अस्वस्थ र सडेगलेको मासु तथा मासुजन्य पदार्थ नखाउँ र नखुऔँ।
- पशुपन्क्षी बथ गर्दा तथा मासुको उपयोग गर्दा बैज्ञानिक रुपमा स्वच्छ, सफा र स्वस्थकर तरिका अपनाऔँ।
- खुला रुपमा राखेको र झिंगा भन्केको माछा मासु नखाउा र नखुवाऔँ।
- माछा मासु राम्ररी पकाएर भित्री भागसम्म राम्ररी पाकेको एकिन गरेपछि मात्र खाऔँ।

नरहरिनाथ गाउँपालिका
कालिकोट

**स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई**

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गन अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.सावुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

प्रमुख प्रशासकीय अधिकृत
सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय
कालिकोट

सिंचाइ पुर्वाधार,कृषि विकासको मुल आधार
सिंचाइ गरौँ, उत्पादन बढाऔँ। सिंचाइको
विस्तार कृषकको जीवनस्तरमा सुधार
राष्ट्रिय खाद्या सुरक्षामा टेवा
पुऱ्याऔँ,गरिबी न्यूनिकरण गरौँ।

रास्कोट नगरपालिकाको कार्यालय, कालिकोट

उच्च ज्वरो आउँने, खोकी लाग्ने, घाँटी दुख्ने, सास फेर्न गाह्रो हुने भएमा जटिल सरुवा रोगको लक्षण हुन सक्छ। तसर्थ समयमै स्वास्थ्य संस्थामा आई स्वास्थ्य परिक्षण गराउँनुहोस्।

पचाल झरना गाउँपालिकाको कार्यालय
कालिकोट

# अन्तराष्ट्रिय न्युज

## दुई महिला मन्त्रीले लिए चुनावी सन्यास



**भारत -** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मन्त्रिपरिषदका दुई महिला मन्त्रीले आगामी लोकसभा चुनाव नलड्ने घोषणा गरेका छन्। विदेशमन्त्री सुष्मा स्वराजले सन् २०१९ को लोकसभा चुनाव नलड्ने घोषणा गरेको केही दिनमै खानेपानी तथा स्वच्छतामन्त्री उमा भारतीले पनि आगामी लोकसभा चुनाव नलड्ने घोषणा गरेकी छन्। विदेशमन्त्री स्वराजले स्वास्थ्यका कारण अब चुनाव नलड्ने घोषणा गरेकी थिइन् । उनी पछिल्लो समय मन्त्रीबाट लामो समय विदा लिएर स्वास्थ्य उपचारमा लागेकी थिइन् । उनको किड्नी ट्रान्सप्लान्ट गरिएको थियो । त्यसपछि उनको परिवारले राजनीतिबाट आराम लिन आग्रह गर्दै आएको थियो । स्वास्थ्यका कारण नै सुष्माले चुनाव नलड्ने निर्णय लिएको बताइएको छ । यता उमा भारतीले भने मंगलबार भोपाल सहरमा पत्रकार सम्मेलन गरेर चुनाव नलड्ने घोषणा गरेकी हुन्। मन्त्री भारतीले भने 'राम र गंगाका लागि काम गर्न' चुनाव नलड्ने अनौठो तर्क अघी सारेकी छन्। उनले भनेकी छन्, 'म लोकसभा चुनाव नलड्ने घोषणा गर्दछु। झाँसीबाट मात्रै होइन कुनै पनि लोकसभा क्षेत्रबाट उम्मेदवार बन्दैन । म पार्टीको पक्षमा चुनाव प्रचार गर्नेछु ।' मन्त्री भारतीले सन् २०१९ जनवरी १५ देखि गंगा नदीको पदयात्रा सुरु गर्ने पनि बताएकी छन्। उनले राजनीतिबाट भने सन्यास नलिने बताएकी छन्। भारतीले मर्ने बेलासम्म राजनीति गर्ने बताएकी छन् । उनले भनेकी छन्, 'म मर्ने बेलासम्म राजनीति गर्नेछु । तर अबको डेढ वर्ष राम र गंगाका लागि काम गर्नेछु। मैले पार्टी ( भारतीय जनता पार्टी)बाट अनुमति लिएर गंगा जानेछु। त्यसपछि डेढवर्ष गंगा र राम मन्दिरमा केन्द्रित हुनेछु। यसकारण मैले आगामी लोकसभा चुनाव नलड्ने निर्णय लिएकी छु।' उमा भारती विवादीत नेतृ हुन्।

# ज्ञानमाला

१.सन् २०१५ मे २९ मा फिफाको अध्यक्षमा चयन हुने व्यक्ति को हुन् ?
- सेप ब्लाटर , स्विटजरल्यान्ड

२.गैरआवासीय नेपाली संघका अध्यक्ष शेष घले अस्टेलियाका धनाढ्यको सूचीमा कतिऔं स्थानमा पर्न सफल भएका छन् ?
- ९९ औं

३.जापानमा हालै ७.८ रेक्टर स्केलको शक्तिशाली भूकम्प कहिले गयो ?
- सन् २०१५ मे ३०

४.नेपालको कुन स्थानमा सन् १९९२ मा तत्कालिन राजा जय बर्माको पूर्ण कदको शालिक उत्खनन गरिएको थियो
- काठमाडौंको मालीगाउँ क्षेत्र

५.जिरेल जातिको मुख्य बसोबास रहेको ठाउँ कहाँ हो ?
- दोलखा,रामेछाप

६.अन्तराष्ट्रिय सगरमाथा दिवस कहिले मनाउने गरिन्छ ?
- मे २९

७.रु दुई लाख राशीको राष्ट्रिय पत्रकारिता पुरस्कार २०७१ बाट सम्मानित हुने व्यक्तित्व को हुन् ?
- धर्मेन्द्र झा

८.नेपालमा २०७२ वैशाख १२ मा आएको विनासकारी भूकम्पपछिको पुनर्निर्माणको लागि दातृ निकायको सम्मेलन कहिले गरिने भएको छ ?
- वि.सं २०७२ असार १०

९.प्रसिद्ध पुस्तक एनिमल फार्मका लेखक को हुन् ?
- जर्ज अवैल

१०.लिच्छविकालमा प्रहरी प्रमुखलाई के भनिन्थ्यो ?
- सर्वदण्डनायक

११.प्रथम विश्व महिला सम्मेलन कहिले र कहाँ भएको थियो ?
- सन् १९७५, मेक्सिको

१२.इसिमोडको स्थापना कहिले भएको हो ?
- सन् १९८३ डिसेम्बर ५

१३.१३ औं योजना ( २०७०/७१ देखि २०७२/७३) को अन्त्यसम्ममा नेपालीको औसत आयु कति पुऱ्याउने लक्ष्य रहेको छ ?
- ७१ बर्ष

१४.नेपालले सर्वप्रथम श्रम सम्झौता गरेको राष्ट्र कुन हो ?
- कतार


## रास्कोट नगरपालिकाको सन्देश

घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं।
रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।
रास्कोट नगरपालिका कार्यालय
कालिकोट

एक घर एक करेसाबारीको स्थापना गरौं।
स्वच्छ र ताजा तरकारीको सेवन गरौं॥
पचाल झरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,कालिकोट

## सम्पुर्णमा हाम्रो अनुरोध

गाउँपालिकालाई पुर्ण सरसफाइ गाउँपालिका घोषणा गर्नु पर्ने अभियान थालिएकोले गाउँपालिकाका सम्पुर्ण महानुभावहरुलाई उक्त अभियान लाई सफल पार्न आफ्नो घर–घरमा चर्पी बनाई, घर वरपरको बातावरण सफा राखिदिनहुन अनुरोध गर्दछौ ।

पलाँता गाउँपालिकाको कार्यालय
कालिकोट


## महत्वपूर्ण टेलिफोनहरु

| | | | |
|---|---|---|---|
| कालिकोट जिल्ला अदालत | ०८७-४४०१२१ | शसस्त्र प्रहरी कार्यालय | ०८७-४४०३१३ |
| जिल्ला प्रशासन कार्यालय | ४४००१२/४४०११२ | राष्ट्रिय वाणिज्य बैक | ४४०११९ |
| जिल्ला समन्वय समिति | ४४००२१/४४०११४ | ग्लोवल आईएमई बैंक | ०८७-४४०२७३ |
| जिल्ला प्रहरी कार्यालय | ४४००१३/४४०११३ | सानीमा बैंक | ०८७-४४०१२६ |
| जिल्ला स्वास्थ्य कार्यालय | ४४०१३३ | एनआईसी बैंक | ०८७-४४०१४४ |
| जिल्ला कारागार शाखा | ४४००१७ | मेगा बैंक | ०८७-४४००९८ |
| जिल्ला सरकारी वकिल कार्यालय | ४४००२० | निर्धन उत्थान विकास बैक | ०८७-४४०२५९ |
| जिल्ला शिक्षा समन्वय इकाई | ४४०११६ | किसान माइक्रोफाइनान्स | ०८७-४४०२६२ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय | ४४०११७ | जिल्ला आयुर्वेद कार्यालय | ४४०१७९ |
| जिल्ला कृषि ज्ञान केन्द्र | ४४०११८/४४०२०९ | नापी कार्यालय | ४४००१८ |
| जिल्ला निर्वाचन कार्यालय | ४४०१४९ | मालपोत कार्यालय | ४४००१९ |
| नेपाल विद्युत प्राधिकरण | ४४०१४७ | जिल्ला खेलकुद विकास समिति | ४४०००५ |
| नेपाल खाद्य संस्थान | ४४०००८ | ईश्वर अफसेट प्रेस | ०८७-४४०२३९ |
| नेपाल रेडक्रस सोसाइटी | ४४०१२५ | हिमचुली कृषि सहकारी सस्था | ०८७४४०१९७ |
| आपत्कालीन एम्बुलेन्स | ९७५८९००१३९ | उद्योग बाणिज्य संघ कालिकोट | ०८७-४४०१०८ |
| जिल्ला ट्राफिक कार्यालय | ९८५८३९०००६ | मिसन न्यूज | ०८७–४४०२४२ |
| कृषि विकास बैंक कालिकोट | ०८७-४४००५९ | | |

मिसन न्यूज राष्ट्रिय साप्ताहिक

# जुम्लाका स्थानीय तहलाई विपद् सामग्री वितरण

**मिसन न्यूज**

**जुम्ला-**जिल्लाका चारवटा स्थानीय तहलाई १८ लाख बढीको विपद् व्यवस्थापन सामग्री सहयोग गरिएको छ । जुनसुकै प्राकृतिक प्रकोपपछि विपदको समयमा आइपर्ने संभावित जोखिम व्यवस्थापन गर्न स्थानीय तहको मागकै आधारमा सामग्री सहयोग गरिएको हो । वितरण गरिएका सामाग्रीमध्ये खोज तथा उद्धार किटबक्समा २३ प्रकारका ९१ सामग्री छन्। त्यस्तै प्रकोप तथा विपद्को सूचना तथा जानकारी लिन ४३ इन्चको स्मार्ट टिभी, डाटा राख्न कम्प्युटर, टेवल र कुर्सी, पावर ब्याकप, मल्टिमिडिया, स्टील दराज, क्यामरालगायतका अन्य सामग्री पनि स्थानीयतहलाई हस्तान्तरण गरिएको हो। नेपाल विपद् पूर्व तयारी परियोजना अन्तर्गत किर्डाक नेपालले जिल्लाको चन्दननाथ नगरपालिकासहित तातोपानी, पातारासी र तिला गाउँपालिकालाई क्रमश सामग्री वितरण गरेको हो । चारवटै तहले विपद् व्यवस्थापनका लागि खोज तथा उद्धार राहत कोष समेत गठन गरेका छन् । प्रति राहत कोषमा एक लाख ५३ हजार रकम सहयोगस्वरुप जम्मा गरिएको परियोजना अधिकृत कमलबहादुर छत्यालले बताए ।



विपद् व्यवस्थापन सामग्री वितरण समारोहमा सहभागी ।

तातोपानी गाउँपालिकालाई चार लाख ७६ हजार दुई सय ६१, तिलामा पाँच लाख आठ हजार ९३, पातारासीमा चार लाख ८१ हजार चार सय २५ र चन्दननाथ नगरपालिकालाई तीन लाख २४ हजार ६ सय १६ रुपैयाँ गरी जम्मा १८ लाख २९ हजार तीन सय ९५ रुपैयाँको सामग्री सहयोग गरिएको हो। सामग्री हस्तान्त्रण गर्दै परियोजना प्रमुख दिपराज रावतले भने, 'प्रकोप कहिले कसरी आउँछ भन्न सकिँदैन, तर विपद् पूर्व तयारी अवस्थामा रहनु बुद्धिमानी उपाय हो।' उनले थपे, 'अन्य प्रकोप त छँदै छन्, अबको भूकम्पको जोखिम पनि कर्णालीमा बढी छ, त्यसैले विपद् जोखिम व्यवस्थापन गर्न हामीले अहिलेदेखि पहल सुरु गरेका छौं ।' **सामाग्रीको उचित प्रयोग गर्छौं**-स्थानीय तहले विपद् व्यवस्थापन सामग्री पाएपछि त्यसको उचित प्रयोग गर्ने बताएका छन् । चारवटै स्थानीय तहमा विपद् व्यवस्थापन शाखा स्थापना गरिएको छ । शाखाको मातहतमा रहने गरी सम्पर्क व्यक्तिको रुपमा एकजना कर्मचारीले सामाग्रीको रेखदेख तथा उचित परिचालन गर्नेछन् । तहको विकासमा हातेमालो गरी अप्ठ्यारोमा पनि संस्थाबाट सहयोगको अपेक्षा गर्दै सामाग्रीले पालिकालाई राहत पुगेको पातारासी गाउँपालिका अध्यक्ष लक्षिमन बोहोराले बताए । 'पालिकाले पाएका सामाग्रीको उद्देश्यअनुसार उचित प्रयोग हुन्छ, उनले भने।' चन्दननाथ नगरपालिकाकी मेयर कान्तिका सेजुवालले विपद् व्यवस्थापनका सामग्रीप्रयोग गर्न नसके दिएको पनि अर्थ नहुने बताइन्। 'हामीसँग पनि पहिलेदेखि केही सामग्री थिए, विपद्का घटना भैरहेका छन्, तर त्यसको प्रयोग हुन सकेको छैन' उनले भनिन्, 'विपद् व्यवस्थापनका प्राविधिक कुरामा पनि अब

बाँकी ८ पृष्ठमा..


## सान्नी त्रिवेणीको अनुरोध

**मौसम बदलीका कारणले बिभिन्न प्रकारका रोग लाग्ने डर भएको हुदाँ सफा र स्वच्छ पानीको प्रयोग गरौँ । बासी झिंगा भन्केको खानेकुरा नखाऔं। घर आगन सफा सुग्घर राखौं। स्वस्थ्य जीवन राख्न सधैं सफा सुग्घर हुने बानी बसालौं । सफा घर स्वस्थ्य जीवन जिउने आधार हो । सबै त्यसैमा लागौं ।**

**सान्नी त्रिवेणी गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जनहितका लागि जारी सन्देश

**घर आँगन सफा राखौं, किटजन्य रोग भगाऔं। रोग लाग्नबाट आफैंले आफैंलाई बचाऔं ।**

**महावै गाउँपालिका**

**गाउँ कार्यपालिकोको कार्यालय**

**कालिकोट**

## स्वास्थ्य प्रतिष्ठा,विकास र समृद्धिका लागि पुर्ण सरसफाई

| जोखिमपुर्ण अवस्था | पुर्ण सरसफाइका सुचकहरु |
|---|---|
| १.दिसा गरेपछि | १.चर्पीको प्रयोग घरायसी,संस्थागत र सार्वजनिक |
| २.खाना पकाउन वा तयार गर्नु अघि | २.पानीको प्रयोग सम्वन्धि सुरक्षित ब्यबहार |
| ३.खाना खानु र सुत्नु अघि | ३.साबुनपानीले हातधुने बानी |
| ४.बच्चाको दिसा धोइदिएपछि | ४.खाना प्रयोग सम्वन्धि सुरक्षित व्यबहार |
| ५.फोहोर धाएपछि | ५.सफा घर आगन |
| | ६.सफा वातावरण |

**खाँडाचक्र नगरपालिकाको कार्यालय**

**कालिकोट**

## पलाँताको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔं। धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔं। खेती योग्य बाझाँ जगगामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौं, गराऔं।**

**पलाँता गाउँपालिकाको कार्यालय**

**कालिकोट**

## जुम्लाका स्थानीय तहलाई ..............................

छलफल गरेर सँगै अघि बढ्नुपर्छ, सामाग्रीसँगै त्यसको परिचालन गर्ने व्यक्तिको सीप तथा क्षमता विकासमा जोड दिन आवाश्यक छ ।' तिला गाउँपालिका अध्यक्ष रतननाथ योगीले भने, 'अब हामीसँग उद्धारका सामग्री छन्, तर पालिका क्षेत्रमा हुने विपद्का घटनाबारे समयमै सूचना आउनुपर्दथ्यो, होइन भने कोठामा उद्धारका सामग्री थन्किने, घटनामा मान्छेले ज्यान गुमाउनुपर्ने अवस्था नआओस् ।' तातोपानी गाउँपालिका उपाअध्यक्ष गंगादेवी उपाध्यायले प्रकोप न्यूनिकरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा पालिकाको खासै ध्यान जान नसकेको बताइन्।यस विषयमा पालिकाले गम्भीर भएर छलफल गर्नुका साथै आगामी आर्थिक वर्षदेखि बजेटको समेत व्यवस्था गर्ने उनले बताइन् । अन्नपुर्णबाट

## प्रकाण्डलाई ४९ किलोको माला........................

कार्यक्रममा हजारौं स्थानीय नागरिकको सहभागिता थियो । कार्यक्रममा नक्कली कम्युनिस्टको शासन अन्तिम घडीमा पुगेको नेताहरुले बताएका छन् । सहिद परिवारले सहिदको सपना पूरा गर्न र सहिदको रगतलाई खोलाको पानी बनाउनेविरुद्ध निरन्तर संघर्ष गर्ने उद्घोष गरेका छन् ।

## रारातालको पदमार्गमा सरसफाइ.................

गरी पर्यटकलाई आकर्षित गर्न सकिने जनाइएको छ । सस्तो तथा शुलभ खर्चमा काठमाडौंदेखि रारा तथा पुनः राराबाट काठमाडौंसम्मको जम्मा १६ हजार ५ सय रुपैयाँमा ७ दिने भ्रमण गर्न सकिने त्यसको प्रचारप्रसार गर्न पनि राराम सरसफाइ कार्यक्रमको आयोजना गरिएको आयोजक होटेल हिल साइटका सञ्चालक धर्मेन्द्र शाहीले बताए ।

'आम नेपालीहरूले एकपटक रारा पुग्नैपर्ने भए पनि भौगोलिक कठिनाइसँगै योजनाबद्ध रूपमा रारा पुग्ने वातावरण बनाउन आवश्यक रहेको छ ।' उनले भने, 'आन्तरिक एवं बाह्य पर्यटकको बढ्दो चापसँगै पदमार्गमा प्लाष्टिकजन्य फोहोरको मात्रा बढ्दै गएको र त्यसको सफाइ नगरिए राराको सौन्दर्य बिग्रिने खतरा बढेका कारण सरसफाइ गर्न थालिएको हो ।' करिव ५ लाखको लागतमा सरसफाइ अभियान संचालन गरिएको छ । राराको वरिपोरी प्लाष्टिकजन्य पदार्थलगायतका फोहोर लाई व्यवस्थापन गर्न डस्विनको प्रयोग गरिएको आयोजकले बताएको छ । व्यक्तिगत लगानीमा रारा पदमार्ग सरसफाइ अभियान पहिलो पटक गरिएको हो ।

कर्णाली प्रदेशको मात्र नभइ देशको आर्थिक कायापलट गर्न सक्ने रारा मात्रै होईन, रारा क्षेत्र स्थानीय जीवनशैली, बन्यजन्तु, स्थानीय खाना र फरक खालको भू-बनावटले पनि अलौकिक र मनमोहक रारालाई सवैले संरक्षण गर्न जरुरी रहेको सहभागीले बताए । समुन्द्र सहतबाट ३ हजार मिटर उचाइमा रहेको रारा तालको गहिराई १ सय ६७ मिटर छ भने लम्बाई ५ किलोमिटर छ । यसको चौडाइ ३ किलोमिटर रहेको छ । रारा तालको एक फन्को लगाउन तीन घण्टा समय खर्चिनुपर्छ । १६ वर्ग किलोमिटर ताल वारपारको लम्बाई छ ।


### शुभकालिकाको सन्देश

**स्वस्थ जीवनको लागि एक छाक भात एक छाक रोटी खाऔँ । धान चामलको बढ्दो आयातलाई कम गरि खाद्यान्नमा परनिर्भरता घटाऔँ । खेती योग्य बाँझो जग्गामा खेती गरि खाद्य संम्प्रभुताको मौलिक हकलाई कार्यान्वयन गरौँ, गराऔँ ।**

**शुभकालिका गाउँपालिकाको कार्यालय**
**कालिकोट**

**व्यावसायीक एवं प्रतिस्प्रर्धात्मक कृर्षि प्रणालीद्वारा उच्च एवं दिगो आर्थिक बृद्धि हासिल गरी खाद्या सुरक्षा तथा गरिबी निवारणमा योगदान गर्न कृर्षि उत्पादन एवं उत्पादकत्व बढाई स्वस्थ प्रतिस्प्रर्धात्मक बनाई प्राकृतिक स्रोत वातावरण र जैविक विविधताको संरक्षण, एवं सदुपयोग गरौं ।**

**तिलागुफा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कालिकोट**

### बेस्ट कर्णाली मिडियाको नौलो धमका

बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रेस काउन्सिल नेपालमा प्रदेश नम्बर ६ बाट प्रथम सुचिकरण भएको **www.missionenews.com** डिजिटल अनलाईन पत्रिका हरपल तपाईको साथमा छ । साथै यस मिडियाद्धारा स्थायी प्रमाण-पत्र प्राप्त मिसन न्युज साप्ताहिक पत्रिका प्रकाशन भईरहेको छ । पलपलको समाचार, ताजा सुचना तथा विज्ञापनका लागि सधै यहाँको साथमा छौं ।

**हाम्रा विशेषताहरु**

- सरकारी,गैरसरकारी तथा प्राइभेट कार्यालयको वेवसाईड डिजाइन् ।
- अनलाईन पत्रिका डिजाइन ।
- वेवसाइड तथा अनलाईन पत्रिकाको लागि डोमेन रिजव ।
- वेव तथा अनलाईनका लागि होस्टीग ।
- स्थानीय तथा राष्ट्रिय संचार माध्यामा प्रशारणका लागि रेडियो तथा टेलिभिजन कार्यक्रम उत्पादन ।
- भिडियो डुकुमेन्ट्रीउत्पादन ।
- स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका लागि विज्ञापन एजेन्सी ।

**फोन** : ०८७-४४०२४२,९८४८०४९४५५, ९८६८३१५३५३

**इमेल** : bestkarnalimedia@gmail.com
missionnewsp@gmail.com


बेस्ट कर्णाली मिडिया प्रालिद्धारा प्रकाशित
मिसन न्यूज
Mission News National Weekly
राष्ट्रिय साप्ताहिक
www.missionenews.com

सम्पादक : पवित्र शाही, प्रवन्ध सम्पादक : निर्मला शाही, समाचारदाता : लिलाराज
संज्याल. कार्यालय : खाँडाचक्र न.पा.-१ कालिकोट , फोन नं. - ०८७-४४०२४२, ९८४८०४९४५५,९८६८३१५३५३ , इमेल : missionnewsp@gmail.com, bestkarnalimedia@gmail.com मुद्रणः ईश्वर अफ्सेट प्रेस खाँडाचक्र-१, कालिकोट